९४

संख्या नं :

ओमसतिया गाउँपालिका भ्यागुते,चरचरे,खोरेत,पि.पि आर,स्वाईन फिवर नियन्त्रण कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७६

| | |
|---|---|
| कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७६/०९/०७ |

ओमसतिया गाउँपालिका

रुपन्देही जिल्ला

५ नं. प्रदेश,नेपाल

## भ्यागुते,चरचरे,खोरेत,पि.पि आर,स्वाईन फिवर नियन्त्रण कार्यक्रम कार्यन्वयन कार्यविधि

पृष्ठभुमी,

भ्यागुते,चरचरे ,खोरेत,पि.पि आर,स्वाईन फिवर रोगले नेपालको पशुपालन व्यवसायमा वर्षेनी ठुलो आर्थीक नोक्सानी पुर्याउदै आएको छ। यी रोगहरु लाई अंग्रेजीमा क्रमशः एच एस तथा वि.क्यु र फुट एण्ड माउथ डिजिज भन्ने नामबाट चिनिन्छ। भ्यागुते रोग पास्चुरेल्ला मल्टोसिडा,चरचरे रोग क्लसढिडियम चौभाई जिवाणुको कारणबाट र खोरेत, विषाणु को कारण बाट गाई,भैसीमा लागि उच्च मृत्युदर हुने गरेको पाईएको छ। पशुबस्तुमा संक्रामक महामारीको रुपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमी आई कृषकलाई ठुलो क्षेती पुर्याउने गरेको सन्दर्भमा यस ओमसतिया गाउँपालिका अन्तर्गतका पशुपालक कृषकहरुका पशुमा निशुलक रुपमा खोप कार्यक्रम कार्यान्यनका लागी स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ खण्ड ण(३) संग सम्वन्धित कार्यको लागी सोही ऐनको दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरियको छ।

### परिच्छेद १

### प्रारम्भिक

१) संक्षित नाम र प्रारम्भः

क) यस कार्यविधि को नाम भ्यागुते, चरचरे,खोरेत,पि.पि आर र स्वाईन फिवर रोग नियनत्रण कार्यक्रम कार्यन्वयन कार्यविधि २०७६ रहेको छ।

ख) यो एन ओमसतिया गाउँपालिका को कार्यालयवाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

२. कार्यक्रम संचालनको उद्देश्यः

क) भ्यागुते, चरचरे,खोरेत,पि.पि आर र स्वाईन फिवर रोग विरुद्ध खोप कार्यक्रम संचालन गर्ने ।

ख) भ्यागुते, चरचरे,खोरेत,पि.पि आर र स्वाईन फिवर रोगको माहामारी

देखा परेको अवस्थामा तत्काल रोग निदान गरि अन्यत्र फैलिन नदिन खोप कार्यक्रम संचालन गर्न तथा रोग तथा रोग नियन्त्रण कार्यमा सम्वन्धित सरोकारवालाहरुलाई समेत जिम्मेवारी सहित स्वतस्फुर्त । रुपमा परिचालन गर्ने गराउने ।

ग) रोगका कारण पशुजन्य उत्पादनमा हुने गरेको क्षतीलाई न्युनिकरण गरी पशु तथा पशुजन्य उत्पादनमा बृद्धि ग्राहस्थ बृद्धिमा टेवा पर्याउने।

घ) भ्यागुते, चरचरे,खोरेत,पि.पि आर र स्वाईन फिवर रोग नियन्त्रण गर्न जनचेतना अभिबृद्धि गर्ने ।

## परिच्छेद २

### कार्यक्रम संचालन प्रकृया

३. कार्यक्रम कार्यान्वयन र संचालन

क) ओमसतिया गाउवपालिका को पशु सेवा साखा ले सबै वार्डहरुमा कार्यक्रम संचालन गर्नेछ ।

ग) खोप लगाउने कार्यक्रम दोस्रो,तेस्रो चौमासिक मा सम्पन्न गर्नु पर्दछ।

घ) खोपको गुणस्तर कायम गर्न खोपलाई घामको किरणबाट जोगाई चिसो कोठामा संचय गरी खोप लगाउने कार्य विहान र बेलुका गर्नुपर्ने छ।

ङ) खोप लगाउँनको लागि अटोमेटेटिक सिरिन्ज वा साधारण सिरिन्जको प्रयोग गरिनेछ। जुनसुकै सिरिन्ज प्रयोग गरिए पनि प्रत्यक पशुको लागि छुट्टा छुट्टै निडिल प्रयोग गर्नुपर्नेछ।

च) भ्याकसिनेशन गरेको विवरण खुल्ने फारममा सम्वन्धित वार्ड कार्यालयको वार्ड अध्यक्ष बाट प्रमाणित गराई खोप कार्य सम्पन्न गरियको प्रतिवेदन संलग्न हुनुपर्ने छ ।

## परिच्छेद ३

## कार्यक्रम अनुगमन र मुल्यांकन व्यवस्था

४. कार्यक्रम अनुगमन र मुल्यांकनः

क) यस कार्यक्रमको अनुगमन र मुल्यांकन ओमसतिया गाउँपालिका बाट हुनेछ

## परिच्छेद ४

## आर्थिक कार्यविधि

क) खोप कार्यक्रम संचालनका लागि आवश्यक पर्ने आवश्यक खोप सामाग्रीहरु ओमसतिया गाउँपालिका ले सार्वजनिक खरिद ऐन तथा नियमावलिको अधिनमा रहि खरिद गर्नेछ।

ख) ओमसतिया गाउँपालिका को पशु सेवा साखाले पशु प्राविधिकहरु लाई भ्याकसिनेटरको रुपमा खटाउनेछ। यसरी खटिने भ्याकसिनेटरलाई ओमसतिया गाउँपालिकाले गाई,भैसी,बंगुरको प्रति पशु खोप गरे बापत रु १५(पन्ध्र रुपैया मात्र) र बाख्रा हरुमा खोप लगाए बापत रु ७ का दरले सेवा शुल्क प्रदान गर्नेछ

ग) सवारी इन्धन प्रयोग गर्दा लगवुक अनिवार्य रुपमा भरी सवारी प्रयोग गर्ने अधिकारिको अनिवार्य दस्तखत गर्नु पर्ने छ।

परिच्छेद ५

विविध

५. प्रचलित कानुन लागु हुने :

भ्यागुते, चरचरे,खोरेत,पि.पि आर र स्वाईन फिवर रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोही बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

६. कार्यक्रम संसोधन तथा खारेजि :

ओमसतिया गाउँपालिकाले पशु सेवा शाखाको सिफारिसमा यो कार्याविधिको संशोधन तथा खारेजी गर्न सक्नेछ।

७. बाधा अड्चन पुकाउने :

क) यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्चन परे ओमसतिया गाउँपालिका ले निर्णय गरी फुकाउन स छ।

ख) कार्यविधि लाई आवश्यकता अनुसार ओमसतिया गाउँपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

ग) माथि जेसुकै लेखिएता पनि तोकिएकोमा सोही अनुसार र नतोकियकोमा गाउँपालिकाको निर्णयअनुसार हु ।